लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल


MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ७, अंक १० २०८२ असोज ०३ गते शुक्रबार (Friday 19 September 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"

मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।



जोमसोम मुस्ताङ,०६९-५२००८३,९८२४७२३१३६

# हाल सम्मकै उच्च राजश्व संकलन

अमृत बास्कुने






आर्थिक वर्ष २०८०/०८१ मा हिमालपारीको जिल्ला मुस्ताङको घरपभ्याेङ गाउँपालिकाको मार्फामा रहेको शीतोष्ण बागवानी विकास केन्द्रले तुलनात्मक रूपमा कम आम्दानी गरेको भए पनि गत आर्थिक वर्ष भने उल्लेख्य आम्दानी गरेको छ । गत आर्थिक वर्ष २०८१/०८२ मा ८१ लाख ७३ हजार २८ रुपियाँ २५ पैसा खुद आम्दानी गरेका हो । केन्द्रले प्रशोधित वस्तुबाट १९ लाख ८२ हजार तीन सय ६५, ताजा फलफूलबाट २७ लाख २१ हजार आठ सय १२ रूपियाँ ५० पैसा, ताजा तरकारीबाट ६ लाख ७२ हजार छ सय ४५ रूपियाँ ५० पैसा आम्दानी गरेको थियो । त्यस्तै आलुको बिउबाट ३ लाख ३५ हजार चार सय ६०, तरकारीको बिउबाट ६ लाख ५८ हजार ६ सय ३० रूपियाँ ३५ पैसा, तरकारीको बेर्नाबाट ४ लाख ५२ हजार ३ सय ६३, फलफूल बिरूवाबाट ८ लाख ५ हजार एक सय ५५, बिबिध आम्दानी ६ लाख ७० हजार एक सय ५८, अन्य प्रशासनिक सेवा सुल्कवाट ८२ हजार सात सय ८५ र प्रशासनिक दण्ड जरिमानावाट ६ लाख ८१ हजार ६ सय ५३ गरी कुल ८१ लाख ७३ हजार २८ रूपियाँ २५ पैसा आम्दानी भएको हो ।



आर्थिक वर्ष २०८०/०८१ मा फलफूल तथा तरकारी जन्य सामाग्री विक्रीबाट ५१ लाख रूपियाँ भन्दा बढी आम्दानी गरेको थियो । आर्थिक वर्ष २०७९/०८० को तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा झण्डै १६ लाख रूपियाँ आम्दानीमा गिरावट आएको थियो ।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाले बिविध आम्दानी तर्फ क्रेप एप्पल बीउ, चिलिको बियाँ, सुकेको घाँस लगायतको बिक्रि गरेको कुरा केन्द्रका प्रमुख आत्रेयले बताउनुभयो । केन्द्रले स्याउ, नास्पाती, अङ्गुर, खुर्पानी, ओखर, कागजी बदाम, आरू, आरूबखडा, स्याउ जस्ता फलफूलहरुको बिरूवाहरु बिक्री वितरण गर्ने गरेको छ । त्यस्तै प्रशोधित बस्तुहरु अन्तरगत स्याउ ब्राण्डी, खुर्पानी ब्राण्डी, प्लम वाइन, खुर्पानी सुकुटी, खुर्पानी जाम, स्याउ जाम, स्याउ सुकुटी, साइडर लगायतका सामग्रीहरु बेच्ने गर्दछ । त्यस्तै शीतोष्ण वागवानी विकास केन्द्र मार्फाले ताजा फलफूलहरूमा स्याउ फल, आरू बखडा, आरू, नास्पाती, खुर्पानी, दाँते ओखर, हेजल नट, चिलि र अंगुर आदी बिक्री गरेको थियो ।

केन्द्रले ताजा तरकारीहरू काउली, बन्दा, गोलभेडा, सिमी कोसा, काँक्रो, ब्रोकाउली, प्याज हरियो, फर्सी (जुकुनी), भण्टा, रायो साग, भेडे खुर्सानी, पिरो खुर्सानी, आलु र लसुन लगायतका तरकारी आइटम पनि बिक्रि गर्ने गरेको थियो ।

शीतोष्ण बागवानी विकास केन्द्रले गरेको आम्दानी हाल सम्मकै उच्च भएको केन्द्र प्रमुख आत्रेयको भनाई छ । मुस्ताङमा शीतोष्ण हावापानीमा हुने फलफूल तथा तरकारीको बिउ तथा विरूवा उत्पादनमा केन्द्रीत रहेको उक्त केन्द्रले उपल्लो मुस्ताङको घमीमा पनि आफ्नो केन्द्र विस्तारको काम अन्तिम चरणमा पुर्‍याएको छ । उक्त स्थानमा केन्द्र विस्तार भए सँगै शीतोष्ण हावापानीमा हुन फलफूल तथा तरकारीको परीक्षण तथा उत्पादनका लागि निकै फलदायी हुने केन्द्रले जनाएको छ ।

प्रो.पुर्ण गौचन ९८५७६३०२७८

होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

नेशनल ड्रग सेन्टर

पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा

अस्पताल चोक, बेनीमा

प्रत्येक महिनाको पहिलो शनिबार



डा. जेम महर्जन

छाला यौन तथा कुष्टरोग विशेषज्ञ

दाज, सेतो दुबी, अनुहारको चाँया, पोतो, छालाको एलर्जी, घाउ खटिरा, कपाल झर्ने, खोइरो लागेको यौन अङ्गमा घाउ खटिरा आउने जस्ता सम्पुर्ण छाला रोगका बिरामीले समयमै सम्पर्क राख्नु होला ।



डा. आकासमणी भण्डारी

नाक कान घाँटी रोग विशेषज्ञ

बारम्बार रुघा खोकी लाग्ने, घाँटी खसखस गर्ने, टन्सिल भएका तथा पिनास भएका, नाकमा मासु पलाएका, कान पाक्ने, कान नसुन्ने, कान कराउने, टाउको दुख्ने घुमाउने जस्ता समस्या भएका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

साथै सोही दिन कानको सुनाइ नाप्ने र नाक, कान घाँटीमा हेर्ने इन्डस्कोपी मेसिनका साथमा आउँदै हुनुहुन्छ ।

२०८२ असोज ४ शनिबार

९८५७६२४३५३ शम्भुराज पाण्डे
९८६७६२९४२४ अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरूद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रीम बुकिङको पनि व्यवस्था छ ।

## सम्पादकीय

# उच्च हिमाली सम्भावनाको हरित भविष्य

नेपालको भौगोलिक विविधता कृषि विकासको अनुपम अवसर हो । यहाँ प्रत्येक भौगोलिक क्षेत्रले आफ्नो विशिष्टता अनुरूप कृषि उत्पादन गर्न सक्ने क्षमता राख्दछ । यस्तै एक विशिष्ट उदाहरण हो- शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा मुस्ताङ । यो केन्द्र नेपालकै शीतोष्ण जलवायुगत क्षेत्रमा अवस्थित रहेर विशेषगरी स्याउ, खुर्पानी, ओखर जस्ता फलफूल तथा अन्य फलफूल तथा तरकारीबालीहरूको अनुसन्धान, उत्पादन, संरक्षण र प्रवर्द्धनका लागि बि सं २०२३ सालमा स्थापित गरिएको महत्वपूर्ण संस्था हो । यति उच्च हिमाली क्षेत्रमा सरकारी स्तरबाट कृषि बिकास र अनुसन्धान केन्द्रको स्थापना गर्न आफैंमा रणनीतिक निर्णय हो । तर, यो केन्द्रले आजसम्म कति प्रभावकारी भूमिका निर्वाह गर्न सक्यो त ? यसको सम्भावना र चुनौती के छन ? यस सन्दर्भमा गम्भीर विश्लेषण आवश्यक छ ।

शीतोष्ण बागवानी विकास केन्द्रको स्थापनाको प्रमुख उद्देश्य शीतोष्ण जलवायुगत फलफूल तथा अन्य बालीहरूको प्रविधि विकास, प्रविधि प्रसारण, बिउ तथा बिरुवा उत्पादन, किसानलाई प्रशिक्षण, उत्पादनमा गुणस्तर वृद्धि र बजारिकरण प्रवर्द्धन हो । विशेषत: मुस्ताङ जिल्ला नेपालकै प्रमुख स्याउ उत्पादक जिल्ला हो । यहाँको हावापानी, उचाइ, चिस्यान र मौसमी अनुकूलता शीतोष्ण फलफूलका लागि अत्यन्त उपयुक्त छ । केन्द्रले यस अवसरलाई उपयोग गर्दै अनुसन्धान र नवप्रविधि विकासमार्फत उत्पादन बढाउने लक्ष्य राखेको हो । मुस्ताङमा रेड डेलिसियस, रोयल डेलिसियस, गोल्डेन डेलिसियस, रिचा रेड डेलिसियर्स, फुजी लगायतका अन्य उन्नत जातका स्याउ प्रवर्द्धनमा केन्द्रले भूमिका खेलेको छ । शुद्ध र स्वस्थ बिरुवा उत्पादन गरी किसानहरूलाई वितरण गर्ने कार्य गरिएको छ । विशेष गरी ग्राफ्टिङ प्रविधिको विकासमार्फत राम्रा बिरुवा उत्पादनमा टेवा पुगेको छ ।

कृषक समूहहरूलाई तालिम, प्रविधि प्रसारण, प्राविधिक सल्लाह तथा अनुदानमा सहयोग गर्दै आएको छ । केही कृषकहरूलाई क्लस्टर प्रणालीमा व्यवस्थित खेतीतर्फ प्रोत्साहित गरिएको छ । जलवायु परिवर्तन, रोग-कीरा व्यवस्थापन, खेती प्रविधि, मलखादको प्रयोगबारे अध्ययन गरिएको छ । परिक्षण तथा अध्ययन अनुसन्धान फलफूल तथा तरकारी वालीहरुको उपयुक्त जातको छनोट र अन्य सुधारात्मक क्रियाकलापहरु गरिएको छ । हालको अवस्थालाई मूल्याङ्कन गर्दा केन्द्रले उल्लेख्य भूमिका त निर्वाह गरेको छ नै तर यसको दायरा, प्रभाव र स्थायित्व अझ सुदृढ बनाउनुपर्ने आवश्यकता देखिन्छ । केन्द्रको भौतिक पूर्वाधार मजबुत बनाउनु पर्ने आवश्यकता छन् । प्रयोगशाला, ग्रीनहाउस, प्रशोधन यन्त्रको प्रयाप्तता नहुँदा अध्ययन अनुसन्धान तथा प्रसारको दायरा सीमित बनाएको छ । साथै प्राविधिक जनशक्तिको अभावले नियमित अनुसन्धान र किसान सेवा प्रभावित भएको देखिन्छ । सीमित कर्मचारीहरूलाई अत्यधिक कार्यभार रहेको छ ।

मुस्ताङ नेपालको शीतोष्ण फलफूल उत्पादनको सम्भावना बोकेको जिल्लामध्ये एक हो । समुद्री सतहबाट २००० मिटर माथिको उचाइमा स्याउ तथा अन्य शीतोष्ण फलफूलहरुको व्यवसायिक खेती गर्न सकिन्छ। लामो जाडो मौसम, लेकाली हावापानी र हिमाली माटोले उत्पादनको स्वादमा विशिष्टता ल्याउँछ । मुस्ताङको स्याउ अन्य स्थानको तुलनामा स्वादिष्ट र टिकाउ हुन्छ । जसले बजारमा उच्च मूल्य पाउँछ । जैविक उत्पादनको छापले अन्तर्राष्ट्रिय बजारमा समेत राम्रो सम्भावना छ । शीतोष्ण बागवानी विकास केन्द्र, मुस्ताङ केवल एउटा अध्ययन अनुसन्धान र प्रसार गर्ने संस्था मात्र होइन । यो हिमाली क्षेत्रमा हरियाली, आत्मनिर्भरता र समृद्धिको आधार बन्न सक्ने अथाह सम्भावना वोकेको केन्द्र पनि हो । यसले स्थानीय जनतालाई कृषि अनुसन्धान, प्रविधि र प्रोत्साहन मार्फत दिगो आयआर्जनमा सहयोग पुर्‍याउन सक्छ । आवश्यक जनशक्तिको व्यवस्थापन सँगसँगै नीति निर्माण तहबाट लिएर स्थानीय सहकार्यसम्म प्रभावकारी सुधार भएमा यसवाटे पूर्ण रुपमा लाभ लिन सकिन्छ । यसलाई "सिर्जनात्मक सुधार" र "समावेशी पहुँच" का माध्यमबाट स्थानीय उत्पादन, रोजगारी, पर्यटन र निर्यातसँग जोडन सकियो भने मुस्ताङ मात्र होइन, देशको पूरै हिमाली क्षेत्रको कृषि परिदृश्य रुपान्तरण गर्न सकिन्छ । यस अर्थमा, शीतोष्ण बागवानी विकास केन्द्र, मुस्ताङ अब देशको आमकृषिमा परिवर्तन ल्याउन सक्ने खालको एक बृहत हरित प्रयोगशाला बन्नु आवश्यक छ ।

## नेपालमा मौरीपालन

# वर्तमान अवस्था, समस्या, सम्भावना र भावी कार्यदिशा






सञ्जीव बाँस्तोला

नेपालमा तराई देखि उच्च पहाडसम्म मौरीका लागि आवश्यक पर्ने उपयुक्त हावापानी र चरण स्रोत बाह्रै महिना पाइने हुनाले मौरीपालन व्यवसायका लागि प्रचुर सम्भावना रहेको पाइन्छ । विधमान प्राकृतिक भौगोलिक र वनस्पतिलाई सदुपयोग गरेमा सेराना मौरी गोला संख्या ५ लाख र मेलिफेरा मौरी गोला संख्या ५ लाख गरि १० लाख सम्म मौरी गोला पाल्न सक्ने क्षमतामा हाल ३ लाख भन्दा कम संख्यामा गोला रहेको पाइन्छ ।

**हाल मौरीपालनको अवस्था:**

**नेपालमा पाल्न सकिने मौरी गोला संख्या उत्पादन र आम्दानी**

| क्र.स. | मौरीका प्रजाति | गोला संख्या | मह उत्पादन मे टन | हालको बजार मुल्य |
|---|---|---|---|---|
| १ | एपिस मेलिफेरा | ५ लाख | २०००० | १ |
| २ | एपस सेराना | ५ लाख | ५००० | २ |
| | जम्मा | १० लाख | २५००० | १२ अर्ब |

मौरी पालन विशेषगरि कृषि र वनमा आधारित व्यवसाय भएकाले यसको लागि चाहिने चरण (पुष्परस र पराग) ग्रामिण क्षेत्रमा उपलब्ध हुने हुँदा मौरी पालन विशेष गरि न्युन आय भएका कृषकहरूको आय आर्जन र जिविकोपार्जनको उपयुक्त र दिगो आधार हुन्छ । हाल नेपालमा निम्नानुसारको संख्यामा मौरी गोला सहितको वार्षिक मह उत्पादन भएको विभिन्न अध्ययनले देखाएको छ ।

| | | |
|---|---|---|
| मौरीपालक किसान संख्या | १३८०० | |
| मौरी गोला मेलिफेरा (संख्या) | ११२००० | |
| मौरी गोला सेराना (संख्या) | १६०००० | |
| मह उत्पादन मेलिफेरा | ३५४५ मे टन | |
| मह उत्पादन सेराना | १४०० मे टन | |

स्रोतः नेपाल मौरी पालन महासंघ

मौरीपालन व्यवसायका वर्तमान समस्याहरू ।

- मौरी प्रवर्द्धन नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
- नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका २०७४ कार्यान्वयनमा नआउनु ।
- मौरी पालन सम्बन्धी आधुनिक प्राविधिक ज्ञानको कमी ।
- मौरीजन्य उत्पादनहरूको गुणस्तर निर्धारण गर्ने संस्थागत विकास नहुनु वा उत्पादकको पहुँच नहुनु ।
- मौरी र मौरीजन्य उत्पादनहरूको तथ्याङ्क भरपर्दो नहुनु ।
- मौरीको चरणमा प्रयोग हुने विषादीको असर ।
- मौरी चरणाको स्रोतहरूको उचित लेखाजोखा नहुनु ।
- मौरीका वंश क्रमशः ह्रास हुँदै गइरहेको अवस्थामा मौरीको जातिय पहिचान, संरक्षण हुन नसक्नु ।
- मौरीका स्रोत केन्द्रहरुको अवस्था, विश्वसनीयता, मूल्य एकरुपता र विक्री वितरण गरिएका मौरीजन्य सामग्रीहरुको गुणस्तर एवं सुलभ उपलब्धता हुन नसक्नु ।
- प्राविधिक ज्ञान, सिपका कारण अन्य मौरीजन्य उपजहरूको उत्पादन तथा बजारीकरण हुन नसकेको अवस्था ।
- नयाँ एवं उच्चतम प्रविधि, कृत्रिम गर्वाधानबाट गुणस्तर रानु उत्पादन गर्न नसक्नु ।
- क्वारेन्टाइन एवं मौरी क्षेत्र निर्धारण नीतिको अभावका कारण मौरी खरिद तथा ओसारपसार गर्दा विभिन्न रोग तथा परजीवीहरु भित्रिने र फैलिने सम्भावना उच्च जोखिममा रहेको ।
- भौतिक पुर्वाधारको अभाव (सङ्कलन केन्द्र, भण्डारण, प्रयोगशाला, वि क्लिनिक, प्रशोधन केन्द्र, प्रमाणीकरण प्रणालीको अभाव)

**मौरीपालनको सम्भावना**

- मौरीपालनका लागि नेपालमा उपयुक्त जलवायुको उपलब्धताका साथै मौरीपालन नेपालको पुर्ख्यौली पेशा भएकोले सजिलै व्यवसायीकतातर्फ उन्मुख गराउन सकिने ।
- प्राकृतिक चरनको विविधता र विविध बाली प्रणालीका साथै सरकारी क्षेत्रको अलावा नीजि तथा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुको मौरीपालन विकासमा संलग्नता रहेको अवस्था ।
- नेपाली महले विदेशमा आफ्नो पहिचान वनाईसकेको र देशभित्रै महको सेवनमा चासो तथा माग बढिरहेको अवस्थामा महको उत्पादन र उत्पादकत्व बढाउनेतर्फ नेपाल सरकारको नीति तथा कार्यक्रम रहेको ।
- अन्य मौरीजन्य उपजहरु - शाही खुराक (Royal Jelly), कुट (Pollen), चोप (Propolis), मैन (Wax), मौरी विष (Bee Venom), भाले शाही खुराक (Apilarnils), प्राणीजन्य मह (Honeydew Honey) उत्पादन गरी अन्तर्राष्ट्रिय बजारबाट प्रशस्त आम्दानी लिन सकिने ।
- महिला, दलित, जनजाती, पिछडिएको वर्ग र भूमिहिनको लागि आयस्रोतको प्रभावकारी माध्यम भएको ।
- भीर मौरीको मह शिकार (Honey Hunting) पेशालाई व्यवस्थित गरी मौरी पर्यटनको विकास गर्न सकिने ।
- महलाई निर्यातयोग्य महत्वपूर्ण कृषि वस्तु (NTIS Commodity) को रूपमा पहिचान गरी सकिएको हुंदा गुणस्तरीय उत्पादनबाट बैदेशिक मुद्रा आर्जन तथा राष्ट्रिय ग्राहस्थ उत्पादनमा सहयोग हुने ।

**मौरीपालन क्षेत्रमा आजको आवश्यकता**

- मौरी चरणको सुधार सुदृढीकरण र समुचित प्रयोग गर्नुपर्ने *बाँकी पाँचौं पृष्ठमा*

# अधिकार र सामाजिक न्यायका लागि मेरो भूमिका

*वि.सं. २०७२ मा संविधासभा मार्फत जारी भएको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचि रहेको छ । संविधानको धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ मा स्थानीय तहको अधिकार सूचिसँग सम्बन्धित छ । सोही बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरिएको छ । अनुसूची ८ बमोजिम गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप मध्यस्थताको व्यवस्थापन गर्ने अधिकार संविधानले सुनिश्चत गरेको छ । संविधानले स्थानीय तहको अधिकार अन्तर्गत न्यायिक समितिको व्यवस्था गरेको छ । निर्वाचित उपप्रमुखहरु न्यायिक समितिको संयोजक रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनले गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायिक समितिलाई दुई किसिमको अधिकार रहेको, ऐनको दफा ४७ (१) ले विवादको निरुपण र दफा ४७ (२) ले मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने अधिकार दिए बमोजिम न्याय सम्पादन गर्ने गरेका छन् । कानुनी तथा न्याय सम्पादनका विषयमा कमैमात्र जानकार भए पनि न्यायिक समिति संयोजकहरुलाई न्याय सम्पादनको महत्वपूर्ण जिम्मेवारी सुम्पिएको छ । न्यायिक समितिको नेतृत्व समेत गरिरहेका उपप्रमुखले न्याय सम्पादन गर्ने काम कतिको सहज छ, अनुभव के छ ? समस्या र चुनौती कस्ता छन् ? सोही विषयमा अमृत बास्कुनेले मुस्ताङको थासाङ गाउँपालिकाका उपप्रमुख सोमल हिराचनसँग गरिएको कुराकानी ।*




**उपाध्यक्षमा निर्वाचित भए पछि न्यायिक समितिमा के कस्ता समस्या आउँछन्, कति सजिलो र अप्ठेरो छ ?**

वि.सं. २०७९ को स्थानीय तहको निर्वाचनमा निर्वाचित भएर आए पछि यहाँ धेरै चिजहरू भेटीयो र पाइयो । त्यस मध्ये पनि न्यायीक समितिमा समस्या धेरै नै आउने गर्दछन् । न्याय तथा कानुन सम्बन्धी सबै जानकारी निर्वाचित भएर आउने जनप्रतिनिधिहरूलाई सुरूमा नहुने हुँदा समस्या हुन्छ नै । स्थानीय स्तरबाट आएका उजुरीहरूलाई के कसरी न्याय निरूपण गराउने भन्ने समस्या पनि हुन्छ ।




**स्थानीय तहको न्यायीक समितिमा आएका उजुरीहरूको न्याय सम्पादनमा कुनै दवाव आउाछ कि आउादैन ?**

थासाङ गाउँपालिकाको उपाध्यक्ष भएर आए पछिको अवस्था हेर्दा अहिले सम्म दवाव आएको छैन । स्थानीयले न्यायीक समितिमा उजुरी दिए पछि न्यायीक समितिमा दुवै पक्षलाई राखेर छलफल गर्ने र त्यसलाई मिलापत्रका लागि अगाडी बढाउने गरिएको छ । सबैलाई समेटेर समान न्याय हुने गरी गरी नै न्याय सम्पादन गर्ने गरिएको छ ।

**नीति निर्माण तथा योजनामा उपाध्यक्षको भूमिका के छ ?**

थासाङ गाउँपालिकाको अवस्था हेर्ने हो भने हाल सम्म बजेट निर्माण गर्दा उपाधयक्षको प्रमुख भुमिका नै हुने गर्दछ । हाम्रो पालिका भित्रका वडाहरूबाट आएका योजना तथा समस्याहरूलाई गाउँपालिकामा कार्यपालिकाको बैठकबाट प्राथमिकताको आधारमा निर्णय गरी गाउँसभामा पेश गर्ने गरिएको छ । महिला तथा बालबलिकाको अधिकार, शिक्षा, स्वास्थ्य तथा खानेपानी जस्ता योजनालाई हामीले बढी प्राथमिकतामा राखेर अगाडी बढ्ने गरेका छौं ।

**गाउँपालिकाको पालिको उपप्रमुखको रूपमा हजुर आउँदै गर्दा यहााका जनताले हेर्ने दृष्टिकोण के कस्तो पाउनु भएको छ?**

पहिलाको उपाध्यक्ष पनि महिला नै हुनुहुन्थ्यो । २०७९ मा स्थानीय तहमा पुरूष उपाध्यक्षका रूपमा आउँदा स्थानीयले सोध्ने गर्छन् । उपाध्यक्ष पुरूष हुनुको कारण हामीले प्रष्ट पार्ने गरेका छौं । स्थानीय वासिन्दालाई उपाध्यक्षको भूमिका र उपाध्यक्षको बारेमा बुझाउनु नै ठूलो कुराका रूपमा हामीले लिने गरेका छौं ।

**हिंसाका घटनाहरू कति आउने गरेका छन्?**

जिल्लामा भनाई प्रख्यात भए पनि मेरो बिचारमा महिला तथा घरेलु हिंसाका घटनाहरू हुने गरेको भए पनि बाहिर आउन सकेको छैन । कुटपिट तथा हिंसाका घटनाहरू मुस्ताङमा छ यसलाई जनचेतनाको कार्यक्रम गरेरै उनीहरूलाई न्यायीक समितिमा आउन भन्ने गरिएको छ । कानुन बनाउने क्रममा महिलाको हक अधिकारलाई प्राथमिकता राख्ने गरिएको छ ।

**स्थानीय तहमा शिक्षा, स्वास्थ्य, खानेपानीको अवस्था के कस्तो छ?**

शिक्षा, स्वास्थ्य, खानेपानी राम्रो छ । भौतिक पूर्वाधार पनि राम्रो छ । बाल र मातृ मृत्युदर छैन । स्कुलको विद्यार्थीको संख्या न्यून छ । जिल्ला भित्रका स्थानीयहरू जिल्ला छाडेर बाहिर जाने हुँदा अहिले जिल्ला भित्र अन्य जिल्लाबाट कामको शिलशिलामा आउनेहरूको बालबालिका मात्रै मुस्ताङ भित्र रहेका छन् । स्थानीय भन्दा बाहिर जिल्लाका बालबालिकाहरूको संख्या राम्रो छ ।

**विपद् व्यवस्थापनमा सहयोगी बनौं**
- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**धवलागिरी गाउँपालिकाको कार्यालय**
मुना, म्याग्दी

**विपद्को पूर्वतयारी गरौं**
- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।
"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी

**विपद् व्यवस्थापनमा सहयोगी बनौं**
- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**बेनी नगरलिकाको कार्यालय**
बेनी , म्याग्दी

## कोराला नाकाबाट भित्रियो सामग्री

तातोपानी र रसुवा नाका अवरुद्ध भएपछि नेपाली ब्यापारीहरुले कोराला नाकाबाट मुस्ताङ, म्याग्दी हुँदै राजधानी काठमाडौंमा चिनियाँ सामग्री आयात, निर्यात गर्न थालेका छन् । विसं २०८० कात्तिक २७ गतेदेखि उपल्लो मुस्ताङका बासिन्दाका लागि मात्र सञ्चालन भएको कोराला नाका दुई वर्षपछि आंशिक भए पनि ब्यापारिक रुपमा सञ्चालन हुन थालेको हो ।

भारत र चीनका सामान आयात निर्यातका साथै नेपालमा उत्पादीत सामान बजारीकरणका लागि कालीगण्डकी कोरिडोर र कोरला नाकाले यस क्षेत्रमा ब्यापार ब्यवसायको नयाँ अवसर सिर्जना गरेको म्याग्देली ब्यापारीको भनाई छ ।

बेनी, जोमसोम हुँदै कोराला नाकामा झण्डै तीन सय कन्टेनर पुगेका र थप एक हजार पाँच सय कन्टेनर दसैंको सामान लिन कोराला जाने क्रममा रहेको म्याग्दी उद्योग बाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो कोराला नाका सञ्चालन हुन थालेपछि मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत र कास्कीका ब्यवसायीहरु उत्साही भएका छौं ।

कोराला नाकामा रहेको भन्सार कार्यालयका अधिकृत रमेश खड्काले दसैंका लागि नेपाली ब्यापारीले चीनमा किनेका सामानहरु बोकेका कन्टेनरहरु रसुवा र तातोपानी नाका बन्द भएपछि डाइभर्ट भएर कोरालामा आएको बताउनुभयो ।

## कारागारबाट भागेका ६६ फर्किए

अधिल्ला हप्ता भएको जेनजीको आन्दोलनलाई बहाना बनाउँदै कारागार तोडफोड गरेर भागेका ७६ मध्ये ६६ जना कैदीबन्दीलाई प्रहरीले कारागार फर्काएको छ ।

म्याग्दी जिल्ला कारागारबाट भदौ २५ गते बिहान ७६ जना कैदीबन्दी भागेका थिए । जिल्ला प्रहरी कार्यालय म्याग्दीका अनुसार हाल सम्म १० जना बाहेक सबै कारागार फर्काइएको छ । ३१ जना कैदीबन्दी आफै सम्पर्कमा आएका र ३५ जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

फरार कैदीबन्दीको खोजीमा प्रहरी टोली परिचालन भएको तथा काठमाडौबाट भागेर आएका एक र कास्कीबाट आएका दुई जनालाई पनि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । कारागारमा भएका ८८ जना मध्य महिला बल्कमा रहेका छ जना तथा पुरुष बल्कका छ जना बिरामी र हिड्न नसक्ने बाहेक अन्य सबै ताला तोडेर भागेका थिए ।

## कैदी भगाउने व्यक्तिहरू पक्राउ

कारागार कार्यालयको गेट तोडफोड गरेर कैदीबन्दी भगाउने छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गेट तोडफोड गरेर कारागार भित्र अनधिकृत रूपमा प्रवेश गरी ७६ जना पुरूष कैदीबन्दीलाई भगाइएको थियो । कैदीबन्दी भगाउने कार्यमा संलग्न छ जनालाई पक्राउ गरी कारागार ऐन २०७९ अनुसार म्याग्दी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बेनी नगरपालिका २ खबरा बस्ने २९ वर्षीय अर्जुन जिसी, २६ वर्षीय डिलबहादुर सापकोटा, बेनपा १ रत्नेचौर बस्ने २६ वर्षीय कृष्णबहादुर मगर, खबरा बस्ने २७ वर्षीय सुनिल थापामगर, ३१ वर्षीय सुसन थापामगर र १९ वर्षीय अभिषेक परियारलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सँचना अधिकारी सागर पौडेलले बताउनुभयो ।

कैदी भगाउनेलाई कारवाही कारागार ऐन, २०७९ अनुसार कैदीबन्दीलाई भगाउन सहयोग गर्नेलाई ३ बर्ष कैदी र ३० हजारसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

## गल्फको च्याम्पियन भक्तराज गुरुङ

विश्वकै अग्लो स्थानमा रहेको गल्फकोर्स लोमन्थाङमा भएको प्रतियोगितामा भक्तराज गुरुङले प्रथम स्थान हासिल गर्नुभएको छ । मुस्ताङको लोमान्थाङ गाउँपालिका–५, मा रहेको उक्त गल्फ कोर्समा सम्पन्न भएको चौथो संस्करणको गल्फ प्रतियोगिता च्याम्पियन भक्तराज गुरुङ हुनुभएको हो । १८ होलमा ३७ अंक जोड्दै उहाँले उपाधी जित्नु भएको हो । प्रतियोगितामा गल्फर देब पुन ३५ अंक जोड्दै उपविजेता हुनुभएको थियो ।

समुन्द्री सतह बाट ४ हजार ७ सय मिटरको उचाइमा अवस्थित गल्फ कोर्समा यसपटक जलवायु परिवर्तनको असरका बारेमा ध्यानाकर्षण गराउन 'टी फर क्लाइमेट' नारा सहित आयोजित प्रतियोगितामा महिला गल्फर जान्भी गुरुङ विजेता हुँदा गिता गुरुङ उपबिजेता हुनुभयो । त्यसैगरी सिनियर विजेता नारायण गुरुङ, बेष्ट ग्रस र होल नजिक हिर्काउँदै 'क्लोजेष्ट टु दि पीन'को विजेता श्याम तामाङ, सबैभन्दा लामो ड्राइभ विजेता भक्तराज गुरुङ, सर्वाधिक बर्डी हिर्काउने गल्फरको पुरस्कार सञ्जिव तिवारी र सर्मथक विजेता सुर्यप्रसाद शर्मा हुनुभएको इन्द्रधारा विष्टले जानकारी दिनुभयो ।

## चिठ्ठी लेखनमा सिमा प्रथम

हुलाक र चिठीपत्रको महत्वलाई दर्शानका लागि आयोजना गरिएको चिठी लेखन प्रतियोगितामा सिमा बुढा मगरले प्रथम स्थान हासिल गर्नुभएको छ । जिल्ला हुलाक कार्यालय म्याग्दीले आयोजना गरेको माध्यमिक विद्यालयस्तरीय चिठ्ठी/पत्र लेखन प्रतियोगितामा म्याग्दी बहुमुखी क्याम्पसको कक्षा ११ मा अध्ययनरत म्याग्दीको मंगला गाउँपालिका–५, अर्मन नेटाकी कक्षामा ११ मा अध्ययनरत बुढामगर प्रथम हुँदा प्रकाश माध्यमिक विद्यालय बेनीमा कक्षा ९ मा अध्ययनरत एलिस्का खत्री द्वितिय र न्यु वेष्ट पोइन्ट आवासीय मावि कक्षा १२ की रियासा जिसी तृतिय हुनुभएको छ । प्रतियोगितामा म्याग्दीका संस्थागत तथा सामुदायिक विद्यालयका १६ जना विद्यार्थीले सहभागिता जनाएको जिल्ला हुलाक कार्यालय म्याग्दीका प्रमुख रमेश थापाले बताउनुभयो ।

सँचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा हुलाक सेवा झनै अत्यावश्यक भएकाले 'हाम्रो हुलाकलाई राम्रो हुलाक कसरी बनाउन सकिन्छ' शिर्षकमा आयोजित प्रतियोगितामा जिल्ला हुलाक कार्यालय, अतिरिक्त हुलाक कार्याल तथा पालिका हुलाक कार्यालयबाट विद्यार्थीले १० को हुलाक टिकट टाँसी हुलाक कार्यालय मार्फत हस्तलिखित चिठ्ठी पठाएका थिए । प्रतियोगितामा प्रथम, द्वितिय र तृतियले क्रमश ७५ सय, ४ हजार र २५ सय रूपैयाँ र प्रमाणपत्र प्राप्त गरेका छन् । पुरस्कृत विद्यार्थीलाई एक कार्यक्रम गरी पुरस्कार वितरण गरिने छ ।

## भेडाच्याङ्ग्राको मुल्य व्यवस्थीत

यस वर्ष उपल्लो मुस्ताङमै च्याङ्ग्राको मुल्य ३८ हजार रुपियाँ सम्ममा विक्री हुँदा तल्लो क्षेत्रमा बजार मुल्य ब्यवस्थित हुने देखिएको छ । ब्यापारीहरु गोठमै खोसाखोस गर्छन, बिक्री गर्न कुनै समस्या छैन त्यसैले कृषकहरू उत्साहीत छन् । गत वर्ष ६५ हजार सम्ममा बेनी बजारमा बिक्री भएको च्याङ्ग्रा यस वर्ष अलिक सस्तोमा पाउन सक्नेमा उत्साहीत छन् । विगतको तुलनामा आकार हेरेर मुस्ताङमै मूल्य घटेकाले यसपटक बजारमा केही सस्तो हुने कृषक गुरुङको भनाइ छ । उपल्लो मुस्ताङको लोमन्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका कृषकमार्फत स्थानीय ब्यापारीले समेत खरिद गरेर छिमेकी जिल्ला म्याग्दी सहित बागलुङ, पर्वत र कास्कीसम्म लगेर बिक्री गर्नेगरेका छन् । तल्लो मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४, तिरी गाउँका आङग्या (ङवाङ) गुरुङले गोठबाटै डोल्पाका ब्यापारी अमृत मगरलाई प्रतिच्याङग्रा ३३ हजारमा बिक्री गरी घरमै २९ लाख ७० हजार नगदै बुझ्नुभयो ।


### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**मंगला गाउँपालिकाको कार्यालय**
बाबियाचौर, म्याग्दी

### विपदको पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बचन आपतकालीन योजना बनाऔं।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं।
- विपद् ब्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका ब्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय**
पोखरेबगर, म्याग्दी



### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- विपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।



**रघुगंगा गाउँपालिकाको कार्यालय**
मौवाफाँट, म्याग्दी

## नेपालमा......

• पूर्वाधार प्राविधिक ज्ञान र सीपमा मौरीपालक कृषकहरूको पहुँचमा अभिवृद्धि गर्नुपर्ने ।

• मौरी जन्य उपजहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार प्रवर्द्धन हुनुपर्ने ,।

• रैथाने तथा स्थानीय मौरीहरूको संरक्षण संवर्द्धन गर्नुपर्ने ।

• मौरी गोलाहरूको संख्यात्मक वृद्धि गरि परागसेचन सेवाको अभिवृद्धि गर्नुपर्ने ।

• मौरी पालन पेशामा परम्परागत मह सिकारी आर्थिक तथा सामाजिक रूपले पिछडिएका वर्गहरूलाई मूल प्रवाहीकरण गर्नुपर्ने ।

• मौरीजन्य उत्पादनहरू को गुणस्तर निर्धारण गर्ने संस्थागत विकास हुनुपर्ने ।

• उचित क्षतिपूर्तिको व्यवस्था तथा मौरी बिमामा सर्वसुलभता ।



**भावी कार्यदिशा**

१) मौरीपालनको व्यावसायिक उत्पादन गर्नेतर्फ,

• रानु तथा मौरीगोला उत्पादन ।

• मह उत्पादन

• मौरीका अन्य उपजहरु (शाही खुराक, चोप, कुट, मैन, वि भेनम, हनिड्यु मह, एपिलार्निल, विब्रेड, मौरी घारको बाफ)

• उत्पादनमा आधारित अनुदान (राज्य वा सहयोगी निकायबाट प्राप्त हुने)

२) उत्पादित उपजहरुको गुणस्तर कायम गर्ने तर्फ ।

• गुणस्तर परीक्षणका लागि अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला (Accredited Lab) स्थापना र सञ्चालन

• नेपाली महको ब्राण्डिङ (Branding)

• प्राङ्गरिक महको प्रमाणीकरण (Organic Honey Certification)

• स्वस्थ रानु उत्पादन तथा बेचबिखन

३) उत्पादित उपजहरुको बजार र बजारीकरण तर्फ ।

• मह सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना र सञ्चालन ।

• गुणस्तर कायम राख्नको लागि आवश्यक गतिविधिहरु ।

• व्यावसायिक उत्पादन (परिमाण, गुणस्तर, निरन्तरता र दीगो, मूल्यको सुनिश्चितता)

• मूल्य शृङ्खला

• सरकारी नीति (प्रहरी, सैनिक, विद्यालय, अस्पतालमा मह सेवन)

• एपि टुरिजम (Api–Tourism) को विकास ।

४) मौरीको जातीय संरक्षण तथा संवर्द्धन ।

• जंगली मौरी (भिरमौरी, खागोमौरी, कठ्यौरी तथा पुत्का) संरक्षण (तालिम, प्रविधि, तथा जनचेतना)

• व्यावसायिक मौरी (एपिस सेराना, एपिस मेलिफेरा) को वंश सुधार (Selection & AI technology)

• गोला व्यवस्थापन, चरनक्षेत्रको विस्तार तथा व्यवस्थापन (मौरी नीति तथा कार्यक्रम) ।

• वि क्लिनिक सञ्चालन, रोग तथा परजीविको व्यवस्थापन ।

• परागसेचन तथा जनचेतना ।

• मौरी परागसेचन प्रदर्शन, अध्ययन, अनुसन्धान, जनचेतना, तालिम ।

• अध्ययन अनुसन्धान (जातिय सुधार, उत्पादन वृद्धि, संरक्षण, नयाँ प्रविधिको विकास एवं भित्राउने)


• नार्क, नास्ट, मौरी विकास केन्द्र (NARC, NAST, ADC), विश्व विद्यालय, शिक्षण संस्थाहरु अध्ययन अनुसन्धनमा प्राथमिकताका साथ लाग्नुपर्ने ।

**सन्दर्भ समाग्री**

*श्रेष्ठ, तीर्थ कुमार- मौरी पालनको अवस्था र चुनौती*
*मौरी प्रवर्धन नीति,२०७३*
*घिमिरे सुवाषचन्द्र- मौरीपालन क्षेत्रको वर्तमान अवस्था चुनौती र समाधानका उपाय*

***लेखक कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख हुनुहुन्छ ।***

# साप्ताहिक राशीफल




## मिति :- २०८२/०५/२७ देखि ६ /२ सम्म

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो हप्ता मेष राशी हुनेहरूका लागि सुवर्ण अवसर रहेको छ । आफूले आटे ताकेका कार्यहरू सफल हुनेछन् । सात्विक बिचारको उदय हुनका साथै ज्ञान वृद्धि हुनेछ । धन सम्पत्ती प्राप्ति हुनुका साथै लक्ष्मीजीको कृपभई रहनेछ । साथीभाई सँगै पाटी समारोहमा समावेश हुनका साथै मान सम्मान प्राप्ति हुने योग बनेको छ । समग्रमा भन्नुपर्दा यो हप्ता मेष राशी हुने व्यक्तिहरूका लागि उत्तम रहेको पाइन्छ ।

**वृष** - Taurus (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
असोज ३, ४ र ५ गते सम्म यो राशी हुनेहरुका लागि खासै राम्रो देखिदैन । मनमा नकारात्मक बिचारको उदय हुने देखिन्छ । सावधानी अपनाउनु होला । कलह झगडा मुद्दा मामला पर्न सक्छ । ६, ७, ८, ९ र १० गतेका दिनहरू भने समय र भाग्यले साथ दिने देखिन्छ । आँटेताकेका कार्यहरू सफल हुन छन् । समग्रमा भन्नुपर्दा यो हपता बृष राशी हुने व्यक्तिहरुका लागि मिश्रित फल रहेको देखिन्छ ।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
३, ४ र ५ गतेका दिनहरुमा समय र भाग्यले साथ दिने देखिन्छ । आफ्नो कार्यक्षेत्रमा लगनशिल र दत्तचित्त भई लाग्नु होला । आर्थिक रूपमा पनि निकै उन्नती प्रगति हुने योग बनेको देखिन्छ । ६ र ७ गतेका दिनहरू खासै राम्रो छैनन् । सावधानी अपनाउनु होला । व्यर्थमा बादविवाद पर्न सक्छ । ८, ९ १० गतेको समयमा भने असल मानिसको सत्संगत मिल्ने योग बनेको देखिन्छ । आफूले आँटे ताकेका कार्यहरू सफल हुने देखिन्छ ।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
हप्ताको प्रारम्भमा नै समय र भग्यले साथ दिने देखिन्छ । ३,४,५,६ र ७ गतेका दिनहरुमा कुनै पनि कार्य आरम्भ गर्ने सोचमा हुनुहुन्छ या नविन कार्य गर्ने सोच बिचारमा हुनुहुन्छ भने कार्यको थालनी गर्नु सफल हुनेछ । ८ र ९ गतेका दिन त्यत्ति राम्रो देखिदैन । आफ्नै कारणले विवादमा परिने छ । सावधानी अपनाई विघ्नहर्ता गणेशजीको आरधना गर्नु आफ्ना दिनहरू राम्रो हुनेछ ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
३ गते खासै राम्रो छैन । सावधानी अपनाउनु पर्ने देखिन्छ । त्यस पछिका समय भने हप्ताभरी निकै राम्रो हुने देखिन्छ । आर्थिक रूपमा पनि गुणोत्तर बृद्धि हुनेछ । साथीभाई इष्ट मित्रहरूको पनि साथ सपोर्ट रहने छ । कुनै बैदेशिक यात्रा गर्दै हुनुहुन्छ या नविन कुनै कार्य गर्ने तयारीमा हुनुहुन्छ भने आरम्भ गर्नु समय र भाग्यले साथ दिने देखिन्छ ।

**कन्या** - Virgo (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
३, ४, ५ गते सम्मको समय यो राशीलाई खासै राम्रो देखिदैन । सावधानी अपनाउनु पर्ने देखिन्छ । आर्थिक रूपमा हानी नोक्सानी हुने देखिन्छ । त्यसपछिको समय भने कन्या राशी हुने व्यक्तिहरूका लागि अत्यन्त राम्रो हुने देखिन्छ । आँटेताकेका कार्यहरू सफल हुने देखिन्छ । मन धार्मिक सामाजिक क्षेत्रमा लाग्ने छ । आर्थिक सुधार हुने छ । समग्रमा भन्नु पर्दा यो हप्ता कन्या राशी हुने महानुभावहरूको लागि मध्यम खालको रहेको छ ।

**तुला** - Libra (र, रि, रू, रे, रो, ता, ति, तु, ते)
राशी अनुसार ३ देखि ५ गते सम्मका लागि दिनहरुमा समयले अत्यन्त साथ दिएको पाइन्छ । आफ्नो कार्यक्षेत्रमा लगनशिल भई लाग्नु होला । कार्यसफलता हुने देखिन्छ । ६ र ७ गतेको दिनहरू खासै राम्रो देखिदैन । सावधानी अपनाउनु पर्ने देखिन्छ । बिचार नपुर्‍याउँदा कहि कतै हानी नोक्सानी हुने देखिन्छ । ८ देखि १० गतेका समयहरु अत्यन्त राम्रो रहेको छ । कार्यक्षेत्रमा लगनशील भई कार्य गर्नाले सफल भइने छ । समग्रमा भन्नु पर्दा यो हप्ता तुला राशी हुनेहरुका लागि मध्यम खालको मात्रै रहेको देखिन्छ ।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
हप्ताको शुरुआतमा नै बृश्चिक राशी हुनेहरूकालागि अत्यन्त राम्रो रहेको छ । विशेषगरी ३ देखि ७ गते सम्मका दिनहरुमा गरेका कार्यहरू उत्तम रहनेछन् । जुनसुकै कार्यमा हात हालेपनि सफल हुने योग बनेको देखिन्छ । ८ देखि १० गतेका दिनहरुमा भने निकै सावधानी अपनाउनु पर्ने देखिन्छ । कहीकतै हानी नोक्सानी हुने योग बनेको छ । यो हप्ता समग्र रुपमा हेर्दा यस राशीकालागि मध्यम खालको मात्रै योग बनेको देखिन्छ ।

**धनु** - Sagittarius (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
राशी अनुसार यो हप्ता अत्यन्त फलदायी रहेको छ । बौद्धिक धार्मिक सामाजिक कुनै पनि क्षेत्रमा कार्य गर्दा सफलता पाइने योग बनेको देखिन्छ । आफ्नो कार्यक्षेत्रमा लगनशील भई कार्यगर्नाले मान सम्मान पाइनुका साथै धर्मकर्ममा मन रमाउने देखिन्छ । आर्थिक रूपमा पनि निकै उन्नती प्रगति हुने छ । समग्रमा भन्नुपर्दा यो हप्ता धनु राशी हुनेहरुका लागि फलदायी बनेको मान्न सकिन्छ ।

**मकर** - Capricorn (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
राशी अनुसार ३ देखि ५ गते सम्मका दिनहरु त्यती राम्रो देखिदैन । सावधानी अपनाएर काम गर्ने देखिन्छ । मनमा भय तथा त्रास र डरले दिन बित्ने देखिन्छ । ६ देखि १० गतेका दिनहरू अत्न्त राम्रो समय चलेको देखिन्छ । समय अनुकुल हुनाले आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई लाग्नाले निकै सफल हुने देखिन्छ । समग्रमा भन्नुपर्दा यो हप्ताको ग्रहगोचर हेर्दा हप्तालाई मध्यम अवस्थाको मान्न सकिन्छ ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
३ देखि ५ गतेका दिनहरू उत्तम रहेको देखिन्छ । आफ्ना इष्टमित्र साथीभाईहरुको साथ सपोर्ट रही आर्थिक रूपमा पनि निकै उन्नती प्रगति हुने देखिन्छ । ६ र ७ गतेको समय कुम्भ राशीलाई खासै राम्रो छैन । चोटपतकको भय रहेको छ । सावधानी अपनाउनु होला । ८ देखि १० गतेका दिनहरू भने आफ्नो अनुकुल र समयले साथ दिने देखिन्छ । सामग्रमा भन्नुपर्दा यो हप्ता मध्यम रहेको छ ।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
राशी अनुसार ३ गते देखि ७ गते सम्मका दिनहरु उत्तम रहेको देखिन्छ । यी दिनहरुमा आफूले गरेका र सोचेका कार्यहरू सफल हुने देखिन्छ भने ८ देखि १० गतेको समय आफ्नो अनुकुलको छैन । यी दिनहरुमा सावधानी अपनाउनु पर्ने देखिन्छ । समग्रमा भन्नुपर्दा यो समय मध्यम खालको रहेको मान्न सकिन्छ ।







# साताको तस्बीर

**फोटो क्याप्सन :-**

१) म्याग्दीको बेनी नगरपालिका-४ सिंगा तातोपानीमा रहेको सिंथा स्वास्थ्य चौकी भवनमा जाने बाटो । मोटरबाटो भनेर निर्माण गरीएको यो बाटोबाट पैद हिड्न समेत सकस छ भने गाडी उक्लन निकै मुस्कील हुन्छ । यही माथी लामो समय देखि पहिरोले गर्दा अवरोध भएको यो अवस्थामा उपचारका लागि स्वास्थ्यचौकी जाने बिरामीलाई सास्ती हुने गरेको छ ।

२) बेनी नगरपालिका-८ कालिपुलमा रहेको वडाकै एक मात्र सामुदायिक विद्यालय बालमन्दीर माध्यमिक विद्यालयले दशैंका अवसरमा आयोजना गरेको अन्तर सदन खेलकुद प्रतियोगिताको २०० मिटर दौडमा निर्धारीत दुरी पार गर्दै खेलाडी । विद्यालयले आफ्नो विद्यालय भित्रका सदनहरुका बीचमा प्रतिस्पर्धा गराएको विद्यालयले जनाएको छ ।

३) बेनी नगरपालिका-४ बास्कुनाका मनबहादुर केसी आफ्नो घरमा उत्पादीन गाइभैसीको दूध बजार सम्म विक्रीका लागि ल्याएर फर्कँदै । उहाँ लामो समय बैदेशीक रोजगारी पछि गाउँमै गाइभैसी पालेर बस्नु भएको छ ।










लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :*erupse@gmail.com*, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी